# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं. :

मिति : २०८३/०३/१७

**विषय:- स्वच्छ चुलो कार्यक्रमको माग संकलन फारम भर्ने सम्बन्धी सूचना।**

तराईमा खाना पकाउन प्रयोग भईरहेको परम्परागत ऊर्जा (गुईठा, दाउरा, कृषि जन्य अवशेष) तथा आयातित इन्धनहरू (एल.पि.जि., मट्टितेल) को खपतलाई न्यूनीकरण गर्न आधुनिक तथा स्वच्छ चुलो (विद्युतीय चुलो, तह ३ को सुधारिएको चुलो र घरायसी बायोग्यास) को प्रवर्द्धन गर्ने लक्ष्य अनुरूप मिथिला नगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र बीच हरित जलवायु कोषको सहयोगमा सञ्चालित स्वच्छ चुलो कार्यक्रम (CCS) सम्बन्धी भएको सम्झौता अनुसार चालु आ.व. २०८२/०८३ मा यस नगरपालिकाको माग अनुसार स्वच्छ खाना पकाउने प्रविधिहरू ४ घ.मि.को घरायसी बायोग्यास (GGC), विद्युतीय चुलो (ECS) र तह ३ को सुधारिएको चुलो (ICS Tier 3+) जडान गर्न इच्छुक यस नगरपालिका अन्तर्गत सबै वडाका लाभग्राहीहरूबाट लागत साझेदारी प्रतिबद्धता सहितको चुलो जडानको माग संकलन फारम भरी लाभग्राहीहरू छनौट गर्नु पर्ने भएको हुँदा उल्लेखित प्रविधि मध्ये कुनै एक प्रविधि जडान गर्न इच्छुक मिथिला नगरपालिका अन्तर्गत सबै वडाका स्थानीय बासिन्दाहरूले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफ्नो वडा कार्यालयमा गई लाभग्राहीको माग संकलन फारम भरी घरमुलीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**न्यूनतम शर्तहरू:**

क) **४ घ.मि.को घरायसी बायोग्यास (GGC) को लागि**

१. बायोग्यास निर्माणमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट तोकिएको मूल्यको **१३.६६ प्रतिशत** उपभोक्ता लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता ।

२. बायोग्यास जडानको निम्ति १/२ वटा गाई बस्तु भएको हुनुपर्ने।

3. बायोग्यास उत्पादनका लागि आवश्यक न्यूनतम संख्यामा गाईवस्तु र प्लान्ट जडान गर्न आवश्यक जग्गा उपलब्ध भएको प्रतिबद्धता।

ख) **विद्युतीय चुलो (ECS) को लागि**

१. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट खरिद मूल्यको **२२.९४ प्रतिशत** उपभोक्ता लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता।

२. कम्तीमा १५ एम्पियरको विद्युत मिटर जडान भएको वा १५ एम्पियरमा स्तरोन्नति गर्ने प्रतिबद्धता।

ग) **तह ३ को सुधारिएको चुलो (ICS Tier 3+) को लागि**

१. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट खरिद मूल्यको **५ प्रतिशत** उपभोक्ता लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता।

२. ठोस बायोमास (दाउरा) उपलब्ध हुने वा खरिद गर्ने प्रतिबद्धता।

**पुनश्च:** माग फारम संकलन भए पश्चात लाभग्राहीहरू छनौट गर्दा महिला घरमुली भएको परिवार, एकल महिला भएको घर/परिवार, आदिवासी वा सामाजिक रूपमा पछाडि समूहमा पर्ने परिवार, अपाङ्गता व्यक्ति सदस्य भएको र आर्थिक रूपमा विपन्न परिवार तथा यस अघि नगरपालिका तथा वडाबाट वैकल्पिक ऊर्जा प्रविधि जडान नगरेको परिवारलाई प्राथमिकता दिइने छ।

(हरि शंकर यादव)
प्रमुख प्रशासकीय अधिकृत